# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## हिमा गाउँपालिका

## जुम्ला





**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## हिमा गाउँपालिका

## जुम्ला




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## हिमा गाउँपालिका

जुम्ला

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वियन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ। आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलत: आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन्। त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन्।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु। स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौँ, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय कर्णाली प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. : ४०  मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
हिमा  गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
जुम्ला ।

**कैफियत सहितको राय**

हामीले हिमा गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.११ करोड ८८ लाख ६२ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. १५ लाख ५१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.९ करोड २६ लाख १३ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ७९ लाख ३४ हजार र पेश्की रु. ६७ लाख ६४ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु.९ करोड ८४ लाख ९ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. २१ करोड ७२ लाख ७१ हजार रहेको छ । गाउँपालिकाको बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।  लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी  वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी  वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

नायब महालेखापरीक्षक

# हिमा गाउँपालिका, जुम्ला

## 1. चालु वर्षको बेरुजु २०७८।७९

### 1.1. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछर्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४९ | १३६ | ११८८६२ | ० | ० | ० | ४९ | १३६ | ११८८६२ | १५५१ | १७९३४ | ९२६१३ | ० | ० | ११०५४७ | ६७६४ |

### 1.2 प्रतिक्रियाबाट फस्र्यौट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| ० | ० | ० | ० |
| | | | |
| | | | |
| | | | |

## 2. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछर्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| हिमा गाउँपालिका जुम्ला | ९८४०९ | ० | ० | ९८४०९ | ० | ११८८६२ | २१७२७१ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : हिमा गाउँपालिका, जुम्ला , हिमा गाउँपालिका , जुम्ला

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Rana Budha | २०७७-११-११ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Dipak Mahatara | २०७८-१०-२१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ११८,८६२,४४८ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | २५,१७,९०७ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३०,३९,९३,७३९ | **चालु खर्च** | २९,९०,९७,४७१.१२ |
| **प्रदेश सरकारबाट अनुदान** | २,४६,७०,२४३ | **पूँजीगत खर्च** | ६,९६,४६,८८२ |
| **राजश्व बाँडफाँट** | ४,६९,३७,३९९.४६ | **वित्तीय/अन्य व्यवस्था** | ६,३२,३९,९१६.८८ |
| **आन्तरिक आय** | १०,००,००० | | |
| **अन्य आय** | ६,३२,१३,६३०.८८ | | |
| **कुल आय** | ४३,९८,१५,०१२.३४ | **कुल खर्च** | ४३,१९,८४,२७० |
| **बाँकी मौज्दात** | | १,०३,४८,६४९.३४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु हिमा गाउँपालिकाको उद्देश्य रहेको छ ।पालिका अन्तर्गत ७ वडा ३७ सभा सदस्य १२८.०९ वर्ग किलोमिटर क्षेत्रफल तथा १२ हजार ६१२ जनसंख्या रहेको छ ।<br>लेखापरीक्षणमा पेश भएसम्मको आर्थिक कारोबारको लेखापरीक्षण समष्टिगत लेखापरीक्षण योजना, इकाइगत लेखापरीक्षण योजना, प्रेसित आर्थिक विवरण, जिन्सी निरीक्षण प्रतिवेदन, प्रगति प्रतिवेदन, व्यवस्थापन प्रतिनिधित्वपत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सिमित साधन र स्रोत, सूचनाको कमि, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने विद्यमान अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको परीक्षणमा कठिनाई जस्ता सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ बमोजिम लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निक्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजना भित्र रही नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीको आधारमा सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७९।०६।०२ मा व्यवस्थापनसँग छलफल गरी कायम लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छनः | |
| २ | | | **वित्तिय विवरण**<br>गाउँपालिकाको आर्थिक वर्ष २०७८।७९ को संचित कोषको प्राप्ति र भुक्तानी विवरण निम्नानुसार छ: | |

| विवरण | प्राप्ती भुक्तानी हिसाव | | | |
|---|---|---|---|---|
| | यस वर्ष रु. | | | |
| | बजेट | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | ३८,३७,६३,००० | ३७,७५,४३,३८१.४६ | | ३७,७५,४३,३८१.४६ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | ३८,२८,२१,००० | ३७,६६,०१,३८१.४६ | ० | ३७,६६,०१,३८१.४६ |
| ११००० कर | ५,७८,२६,००० | ४,७९,३७,३९९.४६ | ० | ४,७९,३७,३९९.४६ |
| १३००० अनुदान | ३२,४९,९५,००० | ३२,८६,६३,९८२ | ० | ३२,८६,६३,९८२ |
| संघीय सरकार | २८,८७,७१,००० | ३०,३९,९३,७३९ | ० | ३०,३९,९३,७३९ |
| प्रदेश सरकार | ३,६२,२४,००० | २,४६,७०,२४३ | ० | २,४६,७०,२४३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ख. अन्य प्राप्ति | ९,४२,००० | ९,४२,००० | | ९,४२,००० |
| वितरण गर्न बाकी राजस्व | ० | ० | ० | ० |
| कोषहरु | ९,४२,००० | ९,४२,००० | ० | ९,४२,००० |
| धरौटी | ० | ० | ० | ० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | ४३,८०,७६,९३१ | ३७,०५,४८,४२०.१२ | | ३७,०५,४८,४२०.१२ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ४३,७१,३४,९३१ | ३६,८७,४४,३५३.१२ | | ३६,८७,४४,३५३.१२ |
| २१००० पारिश्रमिक / सुविधा | ७,२१,७५,००० | ६,०८,६८,४९८.७५ | ० | ६,०८,६८,४९८.७५ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १३,६२,८३,५२६.७३ | ११,५९,४२,१०८.१० | ० | ११,५९,४२,१०८.१० |
| २५००० सहायता (Subsidy) | ६,५७,०६,००० | ६,२०,४४,७९७ | ० | ६,२०,४४,७९७ |
| २६००० अनुदान | ३,००,००० | ३,००,००० | ० | ३,००,००० |
| २७००० सामाजिक सुरक्षा | ६,४२,६७,४७५.२७ | ५,८९,५१,३९७.२७ | ० | ५,८९,५१,३९७.२७ |
| २८००० अन्य खर्च | १६,००,००० | ९,९०,६७० | ० | ९,९०,६७० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | ९,६८,०२,९२९ | ६,९६,४६,८८२ | ० | ६,९६,४६,८८२ |
| घ. अन्य भूक्तानी | ९,४२,००० | १८,०४,०६७ | | १८,०४,०६७ |
| कोषहरु | ९,४२,००० | ३,७३,३०० | ० | ३,७३,३०० |
| धरौटी | ० | १६,८२,१२६ | ० | १६,८२,१२६ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | (२,५१,३५९) | | (२,५१,३५९) |
| ङ. यो वर्षको बचत (न्युन) | (५,४३,१३,९३१) | ६९,९४,९६१.३४ | | ६९,९४,९६१.३४ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | २५,१७,९०७ | | २५,१७,९०७ |
| वर्षान्तको बाकी रकम (ङ + च) | (५,४३,१३,९३१) | ९५,१२,८६८.३४ | | ९५,१२,८६८.३४ |
| बैंक तथा नगद बाकी | | ९५,१२,८६८.३४ | | ९५,१२,८६८.३४ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
संघीय सरकारबाट प्राप्त निकासा
<table>
<tr><td>बजेट उपशिर्षक</td><td>वार्षिक बजेट</td><td>निकासा</td><td>खर्च</td></tr>
<tr><td>314010123</td><td>50135832</td><td>47430503</td><td>47430503</td></tr>
<tr><td>जम्मा</td><td>50135832</td><td>47430503</td><td>47430503</td></tr>
</table>
प्रदेश सरकार बाट प्राप्त निकासा
<table>
<tr><td>बजेट उपशिर्षक</td><td>वार्षिक बजेट</td><td>निकासा</td><td>खर्च</td></tr>
<tr><td>३१४०००११३</td><td>१६०००००</td><td>६०००००</td><td>६०००००</td></tr>
<tr><td>३०१००१०२३</td><td>१०५०००</td><td>१०५०००</td><td>१०५०००</td></tr>
<tr><td>३०१००१०२४</td><td>१२५६२०००</td><td>१२५६०२२०.८८</td><td>१२५६०२२०.८८</td></tr>
<tr><td>जम्मा</td><td>१४२६७०००</td><td>१३२६५२२०.८८</td><td>१३२६५२२०.८८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>
वित्तीय विवरण<br>
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>
स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु. १,१०,३८,७५४ ले फरक देखिएको छ ।<br><br>
त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>३.१</td><td></td><td></td><td>
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खातामा रु.१०२७७२०१.७६, पुजीगत खर्च खातामा रु. १,६२,७०,०५३ , स्थानीय तह विविध कोष खाता रु.४,९१,१५४ र विविध खर्च खाता रु.१४,४८,३९३ गरी रु.२,८४,८६,८०१.७६ मौज्दात राखेको पाईयो ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३.२ | | | **जिम्मेवारी फरक परेको**– स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. ५,९५,४९,८७६ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. २५,१७,९०७जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ५७०३१९६९घटि जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु. | ५७,०३१,९६९ |
| ३.३ | | | **बैक हिसाब मिलान नगरेको** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नु पर्दछ । | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | सञ्चित कोष | १५७०११५७.७५ | १५७०११५७.७५ | ० |
| २ | चालु खाता | १०२७७२०१.७६ | १०२७७२०१.७६ | ० |
| ३ | पूँजीगत खाता | ५२३१२९९ | १६२७००५३ | ११०३८७५४ |
| ४ | आन्तरिक राजस्व खाता | ३७२२८६.७ | ३७२२८६.७ | ० |
| ५ | बाँडफाँडबाट प्राप्त राजस्व खाता | १९५७७४४.८७ | १९५७७४४.८७ | ० |
| ६ | विविध खर्च खाता | १४४८३९३ | १४४८३९३ | - |
| ७ | स्थानीय तह धरौटी खाता | ४०६९२६९ | ४०६९२६९ | ० |
| ८ | स्थानीय तह विविध कोष खाता | ४९११५४ | ४९११५४ | - |
| | जम्मा | ३९५४८५०६.०८ | ४८६४७७१३.०८ | ११०३८७५४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३.४ | | | गाउपालिकाले विभिन्न शिर्षकमा कट्टि गरेको कर रू ३,६४,०९१ दाखिला गर्न बाकि रहेकोले उक्त रकम दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने रू.. | ३६४,०९१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३.५ | | | **फरक शिर्षकबाट भुक्तानी:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८ बमोजिम बजेटमा तोकिएको शीर्षकमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले एक शिर्षकमा छुट्याएको रकम रकमान्तर तथा सभाको निर्णय समेत नगरी शिर्षक सँग सम्बन्ध नरहेको काममा खर्च गरी रु. २४ लाख ४३ हजार १२८ भुक्तानी दिएको अनियमित रु | २,४४३,१२८ |

| भुक्तानी पाउने | भुक्तानी गरेको शिर्षक | भुक्तानी रकम |
|---|---|---|
| चामसिके बाढी पहिरो नियन्त्रण उपभोक्ता समिति | डिपिआर | ५०००० |
| ढोलिबाडा देखि भोटनी ओखर सम्म पहिरो नियन्त्रण | डिपिआर | ३००००० |
| बड्की ज्युला कुलो मर्मत उपभोक्ता समिति | डिपिआर | ३८४००० |
| कार्यालय व्यवस्थापन केशब अधिकारी | डिपिआर | २००००० |
| तोलीगाउ गुच्चा काठेपुल निर्माण उपभोक्ता समिति | डिपिआर | ५०००० |
| चिरायू ड्रग्स हाउस औषधी खरिद | वडा कार्यालय भवन निर्माण | ४९९९०० |
| दलदेउमुखि सम्झना गेट निर्माण उपभोक्ता समिति | डिपिआर | १००००० |
| प्रहरी चौकी सुव्यवस्थापन | डिपिआर | १००००० |
| स्वास्थ्य चौकि पर्खाल निर्माण उपभोक्ता समिति | डिपिआर | ३००००० |
| फोईमहादेव आयल स्टोर ईन्धन | कर्मचारी तालिम | १५८१०९ |
| हाम्रो फर्निचर | पारिश्रमिक पदाधिकारी | ९६००० |
| सान्दर्भिक मिडिया नेटवर्क | पारिश्रमिक पदाधिकारी | ७४९१९ |
| कर्नाली ईन्जिनियरिङ्ग कन्सल्टेन्सी | पारिश्रमिक कर्मचारी | ४९५५०५ |
| फोईमहादेव आयल स्टोर ईन्धन | कर्मचारी पारिश्रमिक | १३४६९५ |
| जम्मा | | २४४३१२८ |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| ४ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>· स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br>· पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>· स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ।<br>· विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।<br>· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो<br>· वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>· मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।<br>· कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>· कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>· स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>· ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>· स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४<br>(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>· संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>· सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>· वातावरण संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार गरेको छैन ।<br>· पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ३१ जनाको दरबन्दी रहेकोमा ६ दरबन्दी रिक्त रहेको पाईयो ।<br>· सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>· निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>· मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम साविकका गाउँ विकास समिति तथा पालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख राखी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले उक्त व्यवस्थाको कार्यान्वियन गर्नुपर्दछ ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५ | | | **अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ता** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.१ | | | संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु | २६,०८५,२०९ |

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | १८९८७१००० | १७२९२६८८१ | १६९४४११८.८५ |
| | विषेश | १०५९५५५६ | ५५६८५४१४ | ५०२७१४२ |
| | समपुरक | ०० | ०० | ०० |
| **प्रदेश सरकार** | शसर्त | ७१८८४६४ | ५९२३७३४ | १२६४७३० |
| | विषेश | ३५००००० | ३४९४००० | ५३०० |
| | समपुरक | ४५३४७७१ | १६९०८५२ | २८४३९१९ |
| | **जम्मा** | २१५६८९७९१ | | **२६०८५२०९** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.२ | | | सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ६ | | | **संगठन तथा कर्मचारी व्यवस्थापन** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ६.१ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २५ जना पदपूर्ती भएको देखिन्छ । प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ६ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| ६.२ | | | **तलबी प्रतिवेदन** निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु २ करोड ५१ लाख ६४ हजार ४८० तलब खर्च लेखेको पाईयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । | |
| ६.३ | | | **कर्मचारी करार** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ४२ जना कर्मचारीहरु करारमा राखि रु. ७० लाख ३४ हजार ६ सय ७२ खर्च लेखेको छ । सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेकोमा उल्लेखित पद वाहेकको विभिन्न ६ पदमा १३ जना करार नियुक्ति गरी बर्षभरीमा रु ३४,७८,००० भुक्तानी गरेको अनियमित देखिएको रु | ३,४७८,००० |
| ६.४ | | | **कल्याण कोष** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । कानुन बमोजम कोष खडा गर्नु पर्दछ । | |
| ७ | | | **कानून निर्माण एवं कार्यान्वयन** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७.१ | | | **कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ६ वटा ऐन, १० वटा नियमावली, ५ कार्यविधि लगायत २१ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले २१ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ । | |
| ७.२ | | | **न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फर्छौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २ र यो बर्ष थप भएको ३ गरी कुल ५ विवाद दर्ता भएकोमा ३ वटा मात्र फर्स्यौट भई २ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्छौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| ८ | | | **बजेट तथा कार्यक्रम** | |
| ८.१ | | | **अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो बर्ष रु ४ करोड १४ लाख बजेट अबण्डामा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको मिति २०७८।०४।०६ को निर्णयबाट चालुशीर्षकमा रु ३ करोड ९४ लाख र पुजीगत शीर्षकमा रु २० लाख बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| ८.२ | | | बजेट तथा कार्यक्रम तर्जुमा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८.३ | | | **गत बर्षको दायित्व** – गाउपालिकाले योजना छनौट गर्दा आवश्यकता एवं औचित्यताको आधारमा छनौट गर्नु पर्दछ । स्थानीय तहले २०७७।७८ मा बिभिन्न संस्था, उपभोक्ता समिति, बाट काम गर्न बाकि रहेको योजनालाई भुक्तानी दिन बाकिँ योजना भनि बजेट विनियोजन गरी रु. १३ लाख भुक्तानी गरेको देखिएको छ । आवश्यकता र प्राथमिकताका आधारमा नयाँ योजना नबनाईकन सम्झौता गरेका योजनाहरू सम्झौता बमोजिम सम्पन्न नगर्दा समेत पुन त्यहि योजनामा संचालन गरी भुक्तानी गर्दा अत्यावश्यक काममा बजेट अभाव हुन जाने देखिन्छ । यस्तो कार्यलाई नियन्त्रण गर्नु पर्दछ । | |

| भुक्तानी दिन बाँकीको कार्यक्रम/योजना/विवरण | रकम |
|---|---|
| युवा क्लव भवन | ६००००० |
| मष्ठा थान निर्माण | ५००००० |
| स्यारगाउ मन्दिर निर्माण | २००००० |
| जम्मा | १३००००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८.४</td><td></td><td></td><td>

**क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

<table>
<tr><th rowspan="2">क्र.स</th><th rowspan="2">क्षेत्र</th><th rowspan="2">बजेट</th><th rowspan="2">खर्च</th><th>खर्च प्रतिशत</th></tr>
<tr><th>जम्मा खर्चको तुलनामा</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>३५०१३८</td><td>२३४७८१</td><td>६.१८</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>१८१४७५९</td><td>११४४५००</td><td>३२.०१</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>२३३४८५५</td><td>१९२२८४१</td><td>४१.१९</td></tr>
<tr><td>४</td><td>बातावरण तथा विकास</td><td>००</td><td>००</td><td>००</td></tr>
<tr><td>५</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>१५३३०८</td><td>१०५१०१</td><td>२.४८</td></tr>
<tr><td>६</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>१०१६०६२</td><td>८२४५६६</td><td>१९.४८</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>५६६९१२२</td><td>४२३१७८९</td><td>१००.००</td></tr>
</table>

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ४१.१९ प्रतिशत र संस्थागत विकास सेवा प्रवाह र सुशासन मा सबै भन्दा घटीमा २.४८ प्रतिशत रहेको छ ।
</td><td></td></tr>
<tr><td>८.५</td><td></td><td></td><td>

**बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाका उपाध्यक्ष श्री सुर्पना शाही ले मिति २०७८। ०३ ।१३ गते रु ३७ करोड १८ लाख ७८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८। ०३।१८। मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।०४।०६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिने तर्फ ध्यान दिनुपर्दछ ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८.६ | | | **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ९ | | | **सम्पत्ति व्यवस्थापन र उपयोग** | |
| ९.१ | | | **सम्पत्ति व्यवस्थापन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार पालिकाले सम्पत्तिको व्यवस्थित अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी गरेको पाईएन । हस्तान्तरण भई आएको र खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| ९.२ | | | **सरकारी तथ सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण** - स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको तथा अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु गराउनु तथा अभिलेख राख्नु पर्दछ । | |
| १० | | | **आर्थिक सहायता र अन्य विविध खर्च** | |
| १०.१ | | | **महोत्सव तथा अन्य खर्च** – स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर गाउँपालिकाले यस वर्ष उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु. २ लाख ५० हजार खर्च गरेको छ । अनुत्पादन खर्चमा नियन्त्रण गरी खर्चको प्रभावकारी असर देखिनेगरी लगानी गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १०.२ | | | **खाना तथा विविध खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. १३२०००० खर्च गरेको छ । विविध खर्च सम्बन्धित सिमा निर्धारण गरी मापदण्ड बनाएर खर्च गर्नुपर्दछ । | |
| १०.३ | | | **आर्थिक सहायता** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष कार्यविधि नबनाई रु. १,००,०००।- आर्थिक सहायता वितरण गरेका छन् ।आर्थिक सहायताको मापदण्ड कार्यविधि नबनाई खर्च लेख्ने कार्यमा सुधार गर्नुपर्दछ । | |
| ११ | | | **पेश्की** | |
| ११.१ | | | **पेश्की बाँकी** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली**,** २०७७ को नियम ५२(४) मा नियमानुसार म्याद नाघेको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फर्स्यौट गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले देहाय अनुसारका कर्मचारी,संस्थागत तथा ठेकेदारहरुलाई नियम अनुसार दिएको म्याद नाघेको पेश्की फर्स्यौट हुन वाँकी देखिएकोले नियममा व्यवस्था भए बमोजिम पेश्की फर्छ्यौट गर्नुपर्ने रु. | ६,७६४,००० |

| पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम | जम्मा |
|---|---|---|
| अन्नपुर्ण मा वि मस्टामाडु भवन निर्माण हिमा ७ जुम्ला | श्री अन्नपूर्ण माध्यमिक विद्यालय मस्टामाडु | ३३०० ०० |
| शिक्षा यूवा तथा खेलकुद विकास शाखा । | श्री अन्नपूर्ण माध्यमिक विद्यालय मस्टामाडु | २६४० ०० |
| अन्नपुर्ण मा वि मस्टामाडु भवन निर्माण हिमा ७ जुम्ला | अन्नपूर्ण माध्यमिक विद्यालय | ३५०० ०० |
| केन्द्रबाट छनौट भएका नमुना विद्यालयविशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तोन्नति भएका प्राविधिक धार विद्यालयको ल्याव व्यवस्थापन अनुदान | श्री नेत्र ज्योती माध्यामिक विध्यालय | १००० ००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | शैक्षिक पहुँच सुनिश्चितता अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय वैकल्पिक विद्यालय साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | श्री नेत्र ज्योती माध्यामिक विध्यालय | ३६५००० | |
| | | | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | श्री नेत्र ज्योती माध्यामिक विध्यालय | ४७०००० | |
| | | | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री एवम् कक्षा ८ को परीक्षा व्यवस्थापन अनुदान | श्री नेत्र ज्योती माध्यामिक विध्यालय | १३५५००० | |
| | | | learing by earning | श्री नेत्र ज्योती माध्यामिक विध्यालय | १०००००० | |
| | | | जनतासँग अध्यक्ष कार्यक्रम | पन्चेबाजा संरक्षण उ स | ४००००० | |
| | | | उपाध्यक्ष कार्यक्रम | रुपाकोट विद्यालय पुरानो खानेपानी सौचालय निर्माण | १५०००० | |
| | | | जनतासँग अध्यक्ष कार्यक्रम | कुटानी पिसानी फर्निचर उद्योग निर्माण उ.स | १२०००० | |
| | | | शिक्षा यूवा तथा खेलकुद विकास शाखा। | कैलाश प्राथमिक विद्यालय भवन निर्माण उ.स | ३६०००० | |
| | | | डि.पि.आर. | हिमा हाईड्रो पावर नि उ.स | ४५०००० | |
| | | | सुधारिएको घट्ट निर्माण वडा नं ७ | सुधारियका घट्ट निर्माण उ.स | १५०००० | |
| | | | जम्मा | | ६७६४००० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११.२ | | | **पेश्कीः** भौ नं ४३१ मिति २०७९।०२।२३ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को परिच्छेद ५ नियम ४७ मा पेश्की लिनु पर्दा कुन कामको लागि के कति रकम चाहिने हो त्यसको यकिन विवरण खुलाई सो को अध्ययन गरी कार्यालय प्रमुखले पेश्की दिने व्यवस्था छ । तर यस कार्यालयले श्री प्रमोद उपाध्यायलाई करार सम्झौता विना पेश्की दिएकोले सम्बन्धित बाट असुल गर्नुपर्ने रु | ७५,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **सेवा प्रवाह**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ६ वटा ऐन, १० वटा नियमावली र ५ वटा कार्यबिधि स्वीकृत गरी कार्यान्वियनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | १३ |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | ५६९ |
| मृत्युदर्ता | ९५ |
| बसाईसराई दर्ता | १२१ |
| विवाह दर्ता | १२८ |
| सम्बन्धविच्छेद दर्ता | ० |
| **पूर्वाधार विकास सडक निर्माण** | ७.५ कि मि करिब |
| कालोपत्रे सडक निर्माण | ०० |
| कालोपत्रे सडक मर्मत | ०० |
| ग्राभेल सडक निर्माण | ०० |
| ग्राभेल सडक मर्मत | ०० |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पुर्वाधार निर्माणको लक्ष्य सहित प्रगति हासिल गर्नुपर्नेमा पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **खरिद योजना**<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ६ करोड ९६ लाख पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| १४ | | | **खर्च विश्लेषण**<br>पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु १२ लाख ८६ हजार ४७५ राजस्व बाँडफाँड र अनुदानबाट रु ५ करोड ५९ लाख ७६ हजार समेत रु ५ करोड ७२ लाख ६२ हजार आम्दानी भएकोमा चालु तर्फ र पूँजिगत तर्फ समेत रु ३६,८७,४४,००० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.३४ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सबिधामा रु ५६,७१,००० खर्च भएको छ जुन आन्तरिक आयको ४४०.८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७० प्रतिशत चालु र ३० प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ । | |
| १५ | | | **विपद् व्यवस्थापन** | |
| १५.१ | | | **समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको भएतापनि बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५.२ | | | **कार्य योजना -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७९ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्धार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ । | |
| १५.३ | | | **विपद् व्यवस्थापन कोष** – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिए बमोजिम हुने व्यवस्था छ । यस पालिकामा विपद व्यवस्थापन कोषमा रकम रु २,५२,००० आम्दानी बाँधेकोमा १,८३,३०० खर्च भएकोले नियम बनाई खर्च गर्नुपर्दछ । | |
| १५.४ | | | **वार्षिक प्रतिवेदन** – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१६</td><td></td><td></td><td>योजना छनौट<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७८÷७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।
<table>
<tr><th>रु १ लाख सम्म</th><th>रु १ लाख देखि २ लाखसम्म</th><th>रु २ लाखदेखि ५ लाखसम्मका</th><th>रु ५लाख देखि १० लाखसम्मका</th><th>रु १० लाख देखि ५० लाख सम्म</th><th>५०लाख भन्दाबढी</th><th>जम्मा</th></tr>
<tr><td>९६</td><td>६२</td><td>७६</td><td>३४</td><td>२६</td><td>३</td><td>२९७</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु. ३० हजार देखि रु ६२ लाख सम्मका जम्मा २९७ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ९६ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने र दीर्घकालिन असर समेत नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>विल विना भुक्तानी:<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(क) मा भुक्तानी गर्दा प्राविधिक नापजाचको गरी वास्तविक कार्य सम्पादनको आधारमा मात्र भुक्तानी गर्नुपर्ने उल्लेख छ साथैमुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम १७ मा मुल्य अभिवृद्धि करमा दर्ता भएको फर्मले कारोबार गर्दा तोकिएको ढाँचामा कर विजक दिनु पर्ने उल्लेख छ । गाउँपालिकाले कालिका मा.वि. बङ्कि को भवन निर्माण वापत फाईनल विल तथा भ्याट विल बेगर आर एन वि विल्डर्सलाई रु.२७,१९,४०२ भुक्तानी गरेको देखिएकोले नापँ जाँच सहितको विल तथा भ्याट विल पेश गर्नु पर्ने रु.</td><td>२,७१९,४०२</td></tr>
<tr><td>१८</td><td></td><td></td><td>मुल्य अभिवृद्धि कर विजक:<br>मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम १७ मा मुल्य अभिवृद्धि करमा दर्ता भएको फर्मले कारोबार गर्दा तोकिएको ढाँचामा कर विजक दिनु पर्ने उल्लेख छ । गाउँपालिकाले क्रिस्टोन ईन्जिनियरिङ्ग कन्सल्टेन्सीलाई रु.९,०७,६१० भुक्तानी गर्दा कर वीजक जारी गरेको नदेखिएकोले कर समायोजन सहितको कर वीजक पेश गर्नु पर्ने अन्यथा असुल गर्नु पर्ने रु.</td><td>८०७,६१०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १९ | | | **छात्रवृती:**<br>गाउँपालिकाले गर्ने अतिरिक्त खर्चहरू कार्यविधिद्वारा व्यवस्थित गरिएको हुनुपर्दछ । गाउँपालिकाले विनियोजन ऐनमा व्यवस्था गरी गाउँपालिकाबाट अध्ययन गर्ने जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ती प्रदान गर्ने कार्यक्रम अनुरुप श्री किशोरजंग शाहीलाई दलित छात्रवृत्ति कार्यक्रम बाट १ लाख र छात्रवृत्ति कार्यक्रमबाट १ लाख गरी रु.२ लाख भुक्तानी गरेको देखिएको छ । कार्यविधि मार्फत छनोटको स्पष्ट मापदण्ड नबनाई तथा दलितको नाममा विनियोजन गरेको रकम गैरदलित विद्यार्थीलाई भुक्तानी गरेको देखिएकोले यस्तो खर्च नियम सम्मत नभएको रु. | १००,००० |
| २० | | | **परामर्श तथा डि पि आर खर्च** | |
| २०.१ | | | **परामर्श सेवा** – सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले परामर्श सेवाको खरिद गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु.३७७८००० खर्च लेखेको छ । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्र्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २०.२ | | | **डीपीआर खर्च** – बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । | |

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| रुपीछडा झरना पदमार्ग | मष्टा इन्जिनियरिङ कन्सल्टेन्सी | ४९८८९५ | ४९८८९५ | ५५०००००० |
| गाउँपालिका भवन | किस्टोन इन्जिनियरिङ कन्सल्टेन्सी | ९१९८२० | ९१९८२० | १०९५००००० |
| वडा कार्यालय भवन | ओम इन्जिनियरिङ कन्सल्टेन्सी | ९९५९२४ | ९९५९२४ | ३८७०००००० |
| देवारगाउँ मोफ्ला कुडारी सड्क | टेलफर्ड इन्जिनियरिङ कन्सल्टेन्सी | ४९३३३५.४० | ४९३३३५.४० | १४५०००००० |
| | | २९०७९७४.४० | २९०७९७४.४० | १६८२०००००० |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा पालिकाको ध्यान जानुपर्दछ ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२१</td><td></td><td></td><td>

**अधुरा आयोजना**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष देहायअनुसारका योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ । कानून बमोजिम सम्झौता गरी तोकिएको समयमा काम सम्पन्न नगरी अधुरो राखेको नियम सम्बत देखिएन । अधुरा कार्य नियमानुसार सम्पन्न गरी फरफारख गर्नुपर्दछ ।

<table>
<tr><th>क्र.सं.</th><th>निर्माण कार्य</th><th>निर्माण व्यवसायी</th><th>संझौता मिति</th><th>सम्पन्न गर्नुपर्ने मिति</th><th>यो वर्ष सम्मको खर्च</th><th>भौतिक प्रगति</th></tr>
<tr><td>१</td><td>कालिका मा.वि.</td><td>RNB Builders</td><td>०७८/११/२५</td><td>०७९।३।२०</td><td>५५५८.३८</td><td>१ वडा भवन</td></tr>
<tr><td>२</td><td>स्यारगाउँ पिगी सडक</td><td>लामा विष्णु निर्माण सेवा</td><td>२०७८।११।१०</td><td>२०७९।३।२०</td><td>१३३७.२०</td><td>९५%</td></tr>
<tr><td>३</td><td>बड्की जोगीवाडा चाल्से सडक</td><td>RNB Builders</td><td>२०७८/११/०६</td><td>२०७९/०३/२०</td><td>२१९४.५७</td><td>९६%</td></tr>
<tr><td>४</td><td>घट्टेगाड मष्टामाडु सड्क</td><td>RNB Builders</td><td>२०७८/१२/०२</td><td>२०७९/०३/२०</td><td>००</td><td>९७%</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>

**सार्वजनिक परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रवर्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।

</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>

**कार्य सम्पन्न प्रतिवेदन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **सफ्टवेयर खरिद**<br>नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । पालिकाले एकिकृत सम्पत्ती कर प्रणाली सफ्टवेयर खरिद गरी रु २sट७,८०० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ । | |
| २५ | | | **सवारि साधन खरिद**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान दुई पांग्रे सवारि साधन खरिदमा रु. ५,५१,८००बजेटबाट खर्च गरेको छ ।यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ। | |
| २६ | | | **मुल्य अभिवृद्धि कर विजकः**<br>मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम १७ मा मुल्य अभिवृद्धि करमा दर्ता भएको फर्मले कारोबार गर्दा तोकिएको ढाँचामा कर विजक दिनु पर्ने उल्लेख छ । गाउँपालिकाले क्रिस्टोन ईन्जिनियरिङ्ग कन्सल्टेन्सीलाई रु.९,०७,६१० भुक्तानी गर्दा कर वीजक जारी गरेको नदेखिएकोले कर समायोजन सहितको कर वीजक पेश गर्नु पर्ने अन्यथा असुल गर्नु पर्ने रु. | ९०७,६१० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | | | **जिन्सी दाखिला**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नु पर्नेछ । निम्न उल्लेखित वडाहरुले पालिकाको जिन्सी दाखिला नभएकोले उक्त सामानहरुको अवस्थिति यकिन हुने प्रमाणपेश गर्नु पर्ने रु. | ४३६,१११ |

| गो.भौ.नं र मिति | वडा नं | खरिद मिति र खरिद भएको पसलको नाम | जिन्सि विवरण | परिमाण | दर रु. | जम्मा रकम रु. |
|---|---|---|---|---|---|---|
| ९२।२०७९।३।२२ | १ | महादेव जनरल स्टोर एण्ड सप्लायर्स ।२०७९।०१।११ | ग्यास चुलो | १ | ३००० | ३००० |
| | | | ग्यास सिलिण्डर | १ | २५०० | २५०० |
| २५७।२०७८।१२।६ | २ | द सनराईज मोवाइल एण्ड इलोक्ट्रोनिक्स मिति २०७८।७।१२ | साउण्ड सिस्टम | १ | २७००० | २७०००० |
| ४३०।२०७९।०२।२३ | ३ | लोक सप्लायर्स २०७८।१२।२१<br>कुलदेव फर्निचर उद्योग | घुम्ने कुर्सि | १ | १२००० | १२००० |
| | | | अफीस दराज | १ | १४००० | १४००० |
| | | | अफीस टेबुल | १ | १९९०० | १९००० |
| ३०६।२०७८।१२।१६ | | अंकित जनरल स्टोर एण्ड सप्लायर्स<br>२०७८।९।१२ | ल्यापटप **DELL I**५ | १ | ८७६११ | ८७६११ |
| १०५ | ७ | सलिना इलेक्ट्रोनिक्स सेन्टर | १० इन्च **DJ** | १ | १३००० | १३००० |
| ६०९।२०७९।३।२८ | | मिन एण्ड सन्स स्टोर | इन्भर्टर | १ | १५००० | १५००० |
| | | जम्मा | | | | ४३६१११ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८ | | | **आन्तरीक लेखापरीक्षण** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२८.१</td><td></td><td></td><td>प्रमाण
<table>
<tr><td>गाँउपालिका तर्फ<br>बिलभरपाई नभएको<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५७ बमोजिम कारोबारको लेखा राख्दा सो लेखा प्रमाणित गर्ने बिल भरपाई तथा अन्य कागजात सिलसिल बद्ध रुपमा राख्नु पर्ने व्यवस्था छ । यस गाँउपालिका ले निम्नानुसार ब्यक्तिहरु वा पक्ष हरु लाई लाई भुक्तानी दिदा बिलभरपाई नराखेको हुदा प्रमाणपेश गर्नुपर्ने रु
<table>
<tr><td>गो भ न</td><td>भुक्तानी पाउने पक्ष</td><td></td><td>रकम</td></tr>
<tr><td>१९</td><td>होटल दौतरी प्रा लि</td><td>बिजक न ६९ मा</td><td>११३१४६</td></tr>
<tr><td>१०९</td><td>परेक ब शाही</td><td></td><td>२२००००।</td></tr>
<tr><td>१६७</td><td>यमराज शाही</td><td>भ्रमण खर्च</td><td>६६१०।</td></tr>
<tr><td></td><td>सिम्पल इन्टेलिजेन्स</td><td>मान ब शाही पे फ</td><td>४२४२०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३८२१७६</td></tr>
</table></td><td>३८२१७६</td></tr>
</table></td><td>३८२,१७६</td></tr>
<tr><td>२८.२</td><td></td><td></td><td>संलग्न सम्झौता वडा सिफारिस माइन्यूट अनुसार राजुपादे मन्दिर निर्माण उ स को नाममा भूक्तानी हुनुपर्नेमा उ स अध्यक्ष ललितजंग शाहीको नाममा भूक्तानी भएकोले नियमित गर्नुपर्ने रु</td><td>४७,५२०</td></tr>
<tr><td>२८.३</td><td></td><td></td><td>असुली
<table>
<tr><td>भ्रमण खर्च भ्रमण खर्च नियमावली २०६४ को नियम २३ बमोजिम यस नियमावली बमोजिम पाउने सेवा सुविधा लिने प्रयोजनको लागि भ्रमण गर्ने कुनै पदाधिकारी वा कर्मचारीले झुट्ठा विवरण पेश गरी भुक्तानी लिएको ठहरेमा झुट्ठा विवरण पेश गरी भुक्तानी लिएको रकमको दोब्बर रकम निज सरकारी सेवामा रहेको भए निजले पाउने तलबबाट कट्टा गरी लिइनेछ। यस पालिकाका स्वास्थ्य शाखाको कर्मचारी रतन बहादुर रावतले हाजिरि भइ भ्रमण खर्च रु ५७२० भुक्तानी पाएकाले दोब्बर रकम असुल भइ दाखिला हुनुपर्ने रु</td><td>११४४०</td></tr>
<tr><td>बहाल कर आयकर ऐन, २०५८ को दफा ८८ (२) भाडा रकम भुक्तानी गर्दा १० प्रतिशतको दरले बाहाल करट्टी गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयमा विभिन्न</td><td>१</td></tr>
</table></td><td>१४७,८३६</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th></th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>मितीमा भाडा भुक्तानी गर्दा बहालकर कट्टि नभएकाले सम्बन्धित सवारी धनि बाट असुलउपर गरी संघिय राजस्वमा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><td>गो भौ न</td><td>पक्षको नाम</td><td>बहाल कर</td></tr>
<tr><td>३६८</td><td>धर्मेन्द्र रावत</td><td>५००</td></tr>
<tr><td>३७१</td><td>नरेन्द्र साउद</td><td>६५००</td></tr>
<tr><td>४३०</td><td>गोविन्द शाही</td><td>१५००</td></tr>
<tr><td>५५४</td><td>उ स अध्यक्ष तुले बुढा</td><td>६०००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>१४५००</td></tr>
</table></td><td>४५००</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td>बढी भूक्तानीः मष्टा थान निर्माण उपभोक्ता समिति हिमा ६ को इस्टिमेट सम्झौतानुसार अन्तिम कार्यसम्पन्न प्रतिवेद बिलमा जनसहभागिता अंश २०% घटाइ भूक्तानी हुनुपर्नेमा १६% मात्र घटाइ भूक्तानी दिइएकोले बढी भूक्तानी रु १४,२०३। असुल गर्नुपर्ने रु.</td><td>१४२०३</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td>संलग्न सम्झौता वडा सिफारिस माइन्यूट अनुसार प्रतिक्षालय निर्माण कुडु उपभोत्ता समितिको नाममा भूक्तानी दिनुपर्ने उपभोक्ता समितिका अध्यक्षश्री चुफे जैशीको नाममा भूक्तानी भएको ले उक्त रकम समितिको खातामा जम्मा भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु</td><td>४७३०३</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td>५९४ संलग्न सम्झौता वडा सिफारिस माइन्यूट अनुसार राजुपादे मन्दिर निर्माण उपभोक्ता समितिकाको नाममा भूक्तानी हुनुपर्नेमा उपभोक्ता समितिकाअध्यक्ष ललितजंग शाहीको नाममा भूक्तानी भएकोले उक्त रकम समितिको खातामा जम्मा भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु</td><td>४७५२०</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th></th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>प्रदेश तर्फ<br>३।२०७९।०२।३१ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि २०७७ नियम ३९ बमोजिम रित पुगे नपुगेको चेक जाँच गरी भुक्तानी दिनु पर्ने ब्यवस्था रहेको छ । निम्नानुसार उपभोक्ता समितिहरुलाई भुक्तानी दिदा जिल्ला दररेट भन्दा बढी भुक्तानी गरेको असुल गर्नुपर्ने रु
<table>
<tr><td>गो भौ न</td><td>उपभोक्ता समुह</td><td>बढी भएको</td><td>रकम</td></tr>
<tr><td>३।२०७९।०२।३१</td><td>चिउडीखोला ट्रस पुल तटबन्धन योजना उपभोक्ता समिती</td><td>२०*३०*१०</td><td>६०००</td></tr>
<tr><td>१४।२०७९।०३।०५</td><td>माग्ले रामपानी थोपा सिंचाई निर्माण उपभोक्ता समिति</td><td>४९*७*२०</td><td>६८७०</td></tr>
</table></td><td>१२८७०</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>गुणस्तर परीक्षण<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामान लगायतको गुणस्तर परीक्षण गराउने गरेको छैन ।</td><td></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३०</td><td></td><td></td><td>पारिश्रमिक कर<br>आयकर ऐन, २०५८ को दफा ४ को अनुसूची १ (२) अनुसार बार्षिक आयमा कर गणना गरि भुक्तानी दिदा कट्टा गरी ।पालिकाको रोजगार शाखामा कार्यरत निम्नानुसारको कर्मचारीको परिश्रमिक कर कट्टी नगरेकोले पारिश्रमिक कर असुल गरी दाखिला गर्नु पर्ने रु.
<table>
<tr><td>कर्मचारीको नाम</td><td>कर योग्य आय</td><td>कट्टी गर्न बाकि कर</td></tr>
<tr><td>श्री पूर्णबहादुर शाही</td><td>६८७५९०</td><td>२३१४३</td></tr>
<tr><td>रणबहादुर बुढा</td><td>५६७७५२</td><td>१३५४०</td></tr>
<tr><td>नरसिंहथापा</td><td>५९५२००</td><td>१९५२०</td></tr>
<tr><td>धनसिंहथापा</td><td>५३२८०२</td><td>७९१०</td></tr>
<tr><td>तोरणखडका</td><td>५४०२०२</td><td>५५००</td></tr>
<tr><td>शंकरधिताल</td><td>५४७७८२</td><td>११९४०</td></tr>
<tr><td>श्री ललित बहादुर रावत</td><td>५३५१२५</td><td>२५१२</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>८४०६५</td></tr>
</table></td><td>८४,०६५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३१</td><td></td><td></td><td>पदाधिकारी सुविधा<br>नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु. ५६७१००० सुविधा वापत भुक्तानी भएको छ ।
<table>
<tr><th>सि.नं</th><th>विवरण</th><th>प्रमुख/ अध्यक्ष</th><th>उपप्रमुख/ उपाध्यक्ष</th><th>वडाअध्यक्ष ७ जना</th><th>कार्यपालिका सदस्य ६ जना</th><th>सभाका सदस्य २२ जना</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>टेलिफोन,मोबाइल</td><td>४२०००</td><td>४२०००</td><td>२९४०००</td><td>७००००</td><td>३०८०००</td><td>७५६०००</td></tr>
<tr><td>२</td><td>पुस्तक,पत्रीका, ईन्टरनेट</td><td>४२०००</td><td>४२०००</td><td>२९४०००</td><td>७००००</td><td>१५४०००</td><td>६०२०००</td></tr>
<tr><td>३</td><td>समन्वय तथा सहजीकरण</td><td>२१००००</td><td>१६८०००</td><td>७८४०००</td><td>३८५०००</td><td>६१६०००</td><td>२१६३०००</td></tr>
<tr><td>४</td><td>अतिथि सत्कार</td><td>७०००</td><td>७०००</td><td>३९२०००</td><td>७००००</td><td>३०८०००</td><td>७८४०००</td></tr>
<tr><td>५</td><td>खानेपानी/बिजुली/ सरसफाई</td><td>९८०००</td><td>८४०००</td><td>१९६०००</td><td>१४००००</td><td>३०८०००</td><td>८२६०००</td></tr>
<tr><td>६</td><td>चाडपर्व खर्च</td><td>१५०००</td><td>१५०००</td><td>१०५०००</td><td>७५०००</td><td>३३००००</td><td>५४००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४१४०००</td><td>३५८०००</td><td>२०६५०००</td><td>८१००००</td><td>२०२४०००</td><td>५६७१०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३२</td><td>५३</td><td>२०७८-११-३०</td><td>दोहोरो सुविधा<br>नेपाल सरकार अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका २०७७ बमोजिम तालिम तथा कार्यक्रम संचलानमा प्रतिवेदक पारिश्रमिक प्रतिवेदन बुझाएपछी मात्र दिनुपर्दछ । तालिम संयोजक र प्रतिवेदक एकै व्यक्ति भएमा अतिरिक्त पारिश्रमिक र खाजा खाना खर्च दोहोरो सुविधा नपाउने व्यवस्था छ । तर बहुक्षेत्रीय पोषण योजना अन्तर्गत हिमा १ मा सुनौला हजार दिनको आमाहरुलाई बेमौसमी तरकारी उत्पादन सम्बन्धी तालिम सञ्चालन गरे वापत श्री विरेन्द्र बहादुर बम ले प्रवचन तथा कार्यपत्र वापत रकम रु ८,२०० पाउनु पर्ने मा रु १०,२०० भुक्तानी भएकोमा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु</td><td>२,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३३</td><td></td><td></td><td>

**भ्रमण खर्च**

कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .

स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।

अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।

·नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।

·भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

·कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/ गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।

</td><td></td></tr>
<tr><td>३३.१</td><td></td><td></td><td>

**स्थानिय भत्ताः** भ्रमण खर्च नियमावली २०६४ को नियम ७ को उपनियम ११ मा सरकारी कामको सिलसिलामा भ्रमणमा रहि दैनिक भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैंनिक भत्ता उपभोग गरेको अवधी भर फिल्ड भत्ता¸बैठकभत्ता¸तालिम भत्ता¸स्थानिय भत्ता¸वा अन्य कुनै किसिमको भत्ता नपाउने व्यवस्था छ । नियममा भएको व्यवस्था विपरित कार्यालयबाट देहायका कर्मचारीले निम्नानुसारको दिनको दैनिक भत्ता भुक्तानी हूदाँ स्थानिय भत्ता कट्टा गरेको नदेखिएकोले असुल गर्नुपर्ने रु.

<table>
<tr><th>कर्मचारीको नाम</th><th>दिन</th><th>दर</th><th>बढी भुक्तानी भएको रकम</th></tr>
<tr><td>नरसिंह थापा</td><td>१४</td><td>३९३</td><td>५५०२</td></tr>
<tr><td>मान बहादुर शाही</td><td>२८</td><td>१४५</td><td>४०६०</td></tr>
<tr><td>चन्द्रदत्त हमाल</td><td>३५</td><td>२१५</td><td>७५२५</td></tr>
<tr><td>यमराज शाही</td><td>१४</td><td>२५७</td><td>३५९८</td></tr>
<tr><td>लोचन मिदुन</td><td>७</td><td>२१५</td><td>१५०५</td></tr>
<tr><td>दर्शन उपाध्याय</td><td>२८</td><td>२५७</td><td>७१९६</td></tr>
<tr><td>दिपक महतारा</td><td>२८</td><td>२५७</td><td>७१९६</td></tr>
</table>

</td><td>१२३,३३६</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | |
|---|---|---|---|
| दन्तराज रावत | ३५ | २५७ | ८९९५ |
| रण बहादुर बुढा | २८ | ३९३ | ११००४ |
| कार्तिक रोकाया | १४ | २५७ | ३५९८ |
| दिपराज रोकाया | ७ | २५७ | १७९९ |
| तोरण खड्का | २१ | ३९३ | ८२५३ |
| प्रवेश देवकोटा | ४२ | २५७ | १०७९४ |
| लोकेन्द्र पाण्डे | २१ | ३९३ | ८२५३ |
| धन सिंह थापा | ३५ | ३९३ | १३७५५ |
| लोक प्रसाद उपाध्याय | १० | २५७ | २५७० |
| जनक बहादुर शाही | ६ | २५७ | १५४२ |
| उमादेवी रावत | २८ | २५७ | ७१९६ |
| रतन बहादुर रावत | ७ | २५७ | १७९९ |
| भिक बहादुर बुढा | १४ | २५७ | ३५९८ |
| अभिशेक बम | १४ | २५७ | ३५९८ |
| जम्मा | | | १२३३३६ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३३.२</td><td></td><td></td><td>कर्णाली प्रदेश स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७७ को अनुसूची २ को द्रष्टव्यमा सरकारी कामकाजको शिलशिलामा जिल्ला बाहिर मात्रै दैनिक भ्रमण भुक्तानी दिन मिल्ने व्यवस्था छ । यस पालिकाको वडा नम्बर ६ मा कार्यरत कर्मचारी तथा पदाधिकारीहरुले भ्रमण तथा कामकाजका क्रममा प्राप्त गरेको तपशिल बमोजिमको रकम सम्बन्धित कर्मचारी तथा पदाधिकारीहरु बाट असुल गर्नुपर्ने रकम रु
<table>
<tr><td>क्र सं</td><td>नाम थर</td><td>पद</td><td>जम्मा रकम रु</td></tr>
<tr><td>१</td><td>श्री बल बहादुर रावत</td><td>वडा अध्यक्ष</td><td>५०५००।</td></tr>
<tr><td>२</td><td>श्री बनकली जैसी</td><td>वडा सदस्य</td><td>३५१२५।</td></tr>
<tr><td>३</td><td>श्री बाँचे शाही</td><td>वडा सदस्य</td><td>३५१२५।</td></tr>
<tr><td>४</td><td>श्री चक्र बहादुर शाही</td><td>वडा सदस्य</td><td>३५१२५।</td></tr>
<tr><td>५</td><td>श्री भिम बहादुर अधिकारी</td><td>वडा सदस्य</td><td>३५१२५।</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१९१०००</td></tr>
</table>
</td><td>१९१,०००</td></tr>
<tr><td>३३.३</td><td></td><td></td><td>भ्रमण खर्च नियमावली २०६४ को नियम ३(१) मा कुनै पनि कर्मचारीले भ्रमण आदेश वा निर्णय बिना भ्रमण खर्च गर्ने गरी भ्रमण गर्न वा काजमा जान हुदैन भन्ने व्यवस्था छ । तर निम्नानुसारका कर्मचारी हरु ले बिना भ्रमण आदेश भ्रमण गरेकाले सम्बन्धित बाट असुल गर्नुपर्ने रु
<table>
<tr><td>क्र सं</td><td>नाम थर</td><td>पद</td><td>जम्मा रकम रु</td></tr>
<tr><td>१</td><td>श्री मिम बहादुर बुढा</td><td>सहायक कर्मचारी</td><td>११२५०</td></tr>
<tr><td>२</td><td>श्री नवराज अधिकारी</td><td>अ स ई</td><td>२३५००</td></tr>
<tr><td>३</td><td>श्री मोहन कार्की</td><td>का स</td><td>१०२५०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>४५०००</td></tr>
</table>
</td><td>४५,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३४</td><td></td><td></td><td>

**अनुत्पादक खर्च**

सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु. १३६००० खर्च गरेको देखिन्छ ।

| सि.नं. | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | नेपाल राष्ट्रिय कर्मचारी संगठन निजामती केन्द्रिय समिति | कार्यक्रम संचालन | ३०००० |
| २ | नेपाल कम्युनिष्ट पार्टी एमाले | कार्यक्रम संचालन | ४०००० |
| ३ | राष्ट्रिय प्रजातन्त्र पार्टी | जनसभा सम्बोधन | ६६००० |
| | **जम्मा** | | १३६००० |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

</td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>

**बिल भरपाई**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था रहेको छ । तर तपशिलमा उल्लिखित व्यहोराहरुमा प्रमाण संलग्न नरहेकोले प्रमाण पेश गर्नुपर्ने रु

| गो भौ नं | मिति | बजेट खर्च शीर्षक | भुक्तानी रकम रु | कैफियत |
|---|---|---|---|---|
| ६६ | २०७८।०८।१९ | पत्रपत्रिका रेडियो सूचना सञ्चार | ३०००० | कागज प्रमाण नरहेको |
| ८८ | २०७८।०८।२३ | भिडियो डकुमेन्ट्री निर्माण | १७२७२८ | सम्झौता अनुसारको कार्य नभएको |
| ७१ | २०७८।१२।१४ | बाख्राको साना व्यावसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम | ५०२४० | प्रमाण संलग्न नरहेको |
| ७२ | २०७८।१२।१४ | बाख्राको साना व्यावसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम | १००००० | प्रमाण संलग्न नरहेको |
| जम्मा | | | ३५२९६८ | |

</td><td>३५२,९६८</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६ | २१८ | २०७९-३-२७ | **अग्रिम कर**<br>आयकर ऐन, २०५८ को दफा ८७ ८८ र ८९ मा खरीद सामानको रकम भुक्तानी गर्दा १.५ प्रतिशतको दरले अग्रिम करट्टी गर्नुपर्ने व्यवस्था छ। यस कार्यालयको ईपिडेमियोलोजि रिपोर्टिङमा भएको रु ७०८०० भुक्तानीमा १.५ प्रतिशतले अग्रिम कर असुल नगरेकाले असुल गर्नुपर्ने रकम रु | १,४१७ |
| ३७ | | | **शिक्षक अनुदानः**<br>स्थानीय सरकार संचालन ऐन २०७४ ले गाउँपालिकालाई विद्यालयमा दरबन्दी सिर्जना गर्ने तथा शिक्षक नियुक्ती गर्ने अधिकार दिएको देखिदैन । गाउँपालिकामा अवस्थित विभिन्न विद्यालयहरुलाई दरबन्दी बाहिर ३३ जना शिक्षक नियुक्ती गरी रू ३१,५०,००० खर्च लेखेको छ । शसर्त अनुदानबाट संघीय सरकारले शिक्षा क्षेत्रको खर्चको भार बहन गरिरहेको अवस्थामा गाउँपालिकाले विकास निर्माण कार्यमा खर्च गर्नुपर्ने वितीय समानिकरणबाट रू ३१,५०,००० खर्च गरेको देखियो । वित्तीय समानिकरणबाट लेखेको यस्तो खर्च नियम सम्मत नभएको रु......... | ३,१५०,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३८</td><td></td><td></td><td>प्रोत्साहन अनुदान<br>गो भौ नं १४५ मिति २०७९।०३।१६ शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी बाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिकाको खण्ड १ (१.३) आर्थिक अनुशासन तथा वित्तिय प्रतिवेदन (छ) मा विद्यालयमा हुने खरिद कार्य सार्वजनिक खरिद ऐन तथा नियमावली विद्यालय खरिद दिग्दर्शन र विद्यालय लेखांकन दिग्दर्शनको आधारमा गर्ने र सोको अनुगमन स्थानीय निकायले गर्नुपर्ने व्यवस्था छ ।पालिकाले निम्नअनुसारको अनुगमन भत्ता वितरण गरेकोमा अनुगमन कार्यको विवरण, अनुगमन प्रतिवेदन संलग्न गरेको छैन विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान शीर्षकबाट शैक्षिक भौतिक र परीक्षा अनुगमन गरेकोमा अनुगमन कर्ताले पूर्ण विवरण सहित खर्च पुष्टी हुने प्रमाण पेश नभएकोले उक्त पुष्ट्याई पेश गर्ने अन्यथा सो रकम असुल गर्नुपर्ने रु<br>
<table>
<tr><th>क्र सं</th><th>सहभागीको नाम</th><th>दिन</th><th>दर</th><th>रकम रु</th><th>कर बाहेकको रकम रु</th></tr>
<tr><td>१</td><td>रज बहादुर शाही</td><td>१०</td><td>१३००</td><td>१४३०००</td><td>११०५०</td></tr>
<tr><td>२</td><td>रण बहादुर बुढा</td><td>५</td><td>१३००</td><td>६५००</td><td>५५२५</td></tr>
<tr><td>३</td><td>शंकर धिताल</td><td>२०</td><td>१३००</td><td>२६०००</td><td>२२१००</td></tr>
<tr><td>४</td><td>यम राज शाही</td><td>१०</td><td>१३००</td><td>१३०००</td><td>११०५०</td></tr>
<tr><td>५</td><td>दन्त राज रावत</td><td>४</td><td>१३००</td><td>५२००</td><td>४४२०</td></tr>
<tr><td>६</td><td>लोक प्रसाद उपाध्याय</td><td>३</td><td>१३००</td><td>३९००</td><td>३३१५</td></tr>
<tr><td>७</td><td>दिपक महतारा</td><td>४</td><td>१३००</td><td>५२००</td><td>४४२०</td></tr>
<tr><td>८</td><td>नारायण देवी पाण्डे</td><td>२</td><td>१३००</td><td>२६००</td><td>२२१०</td></tr>
<tr><td>जम्मा रकम</td><td></td><td></td><td></td><td></td><td>६३७५०</td></tr>
</table></td><td>६४,०९०</td></tr>
<tr><td>३९</td><td></td><td></td><td>पाठ्यपुस्तक भरपाई:<br>पाठ्यपुस्तक अनुदान वापतको रकम पाठ्यपुस्तख खरिद गरी विद्यार्थीलाई वितरण गरी भरपाई पेश गर्नु पर्दछ । गाउँपालिकाले पाठ्यपुस्तक निम्नानुसारको विद्यालयलाई रु. २१,७२,२४६ निकासा गरेकोमा पाठ्यपुस्तक खरिद गरेको विल तथा विद्यार्थिलाई वितरण गरेको भरपाई पेश नगरेकोले सो विल तथा भरपाई पेश गर्नु पर्ने रु.</td><td>२,१७२,२४६</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | क्र.सं. | विद्यालयको नाम | भुक्तानी | | |
| | | | | १ | कालिका मा वि | २५८९७३ | | |
| | | | | २ | भानु मा वि | १८४३१९ | | |
| | | | | ३ | राहदेव मा वि | ३२६६४७ | | |
| | | | | ४ | जनता शिव आ वि | ९६३५९ | | |
| | | | | ५ | रुपेल्ली देवी आ वि | १७०२६३ | | |
| | | | | ६ | कालिका आ वि | ४९४४१ | | |
| | | | | ७ | ज्योती आ वि | ३७५९८ | | |
| | | | | ८ | हिमा आ वि | ६८०५६ | | |
| | | | | ९ | महादेव आ वि | ५२३६५ | | |
| | | | | १० | रुपाकोट आ वि | ११२२१२ | | |
| | | | | ११ | कैलाश आ वि | ५८४६१ | | |
| | | | | १२ | कालिका मा वि | २०५२०१ | | |
| | | | | १३ | लक्ष्मि देवल आ वि | २३३९३ | | |
| | | | | १४ | अन्नपूर्ण मा वि | १८३३२५ | | |
| | | | | १५ | नेत्रज्योती मा वि | १५४९०४ | | |
| | | | | १६ | विष्णु आ वि | ६१८६३ | | |
| | | | | १७ | महादेव आ वि | २६३५१ | | |
| | | | | १८ | महादेव आ वि | ५०५४१ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | १९ | भैरव आ वि | २९२१२ | | |
| | | | | २० | कुलदेव आ वि | २२७६२ | | |
| | | | | | जम्मा | २१७२२४६ | | |
| ४० | | | **शिक्षक दरवन्दी र पदपूर्ति** | | | | | |

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २० वटा सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|
| १ | कालिमा मा.वि. बड्की | १० | ३ | ६३० |
| २ | राहदेव मा वि मोफ्ला | १० | ४ | ७३० |
| ३ | कालिका मा वि तलिकूडु | १६ | ७ | ७२९ |
| ४ | नेत्र ज्योति मा.वि. ओदी | १५ | ७ | ३८६ |
| ५ | भानु मा वि पाथरखोला | ८ | २ | ३५७ |
| ६ | अन्न पूर्ण मा वि मष्टामाडु | ५ | १ | ३७८ |
| ७ | रुपाकोट आ. वि. बाजाँगाडा | ४ | ० | ३०३ |
| ८ | रुपेल्नि देवि आ.वि. मर्चि | ४ | १ | २५९ |
| ९ | लक्ष्मिदेवल आ.वि. आचार्यलिहि | ३ | ० | १०० |
| १० | कालिका आ. वि. देवारगाँउ | ३ | १ | १७३ |
| ११ | बिष्णु आ.वि. रिखिदेव | १ | १ | ९९ |
| १२ | महादेव आ. वि. स्यारगाँउ | ० | १ | ६३ |
| | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१३</td><td>हिमा आ. वि. कोइरेली</td><td>१</td><td>०</td><td>९८</td></tr>
<tr><td>१४</td><td>महादेव आ. वि. चेमा</td><td>१</td><td>०</td><td>८५</td></tr>
<tr><td>१५</td><td>भैरव आ. वि. जोगिबाडा</td><td>४</td><td>०</td><td>१०५</td></tr>
<tr><td>१६</td><td>ज्योति आ. वि. तलिकुड्डु</td><td>१</td><td>१</td><td>१२४</td></tr>
<tr><td>१७</td><td>कैलाश आ. वि. जार्जि सिम्तलि</td><td>२</td><td>१</td><td>१६८</td></tr>
<tr><td>१८</td><td>महादेव आ.वि. माथि कुड्डु</td><td>१</td><td>१</td><td>१३३</td></tr>
<tr><td>१९</td><td>कुल देव आ. वि. चिउडी</td><td>१</td><td>१</td><td>८७</td></tr>
<tr><td>२०</td><td>जनता शिव आ.वि. डाँडाबाडा</td><td>२</td><td>१</td><td>१७७</td></tr>
<tr><td></td><td>जम्मा</td><td>९२</td><td>३२</td><td>५१६४</td></tr>
</table>
दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४१</td><td>४९</td><td>२०७९-११-२७</td><td>ICT सामाग्री<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी बाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिकाको खण्ड १ (१.३) आर्थिक अनुशासन तथा वित्तिय प्रतिवेदन (छ) मा विद्यालयमा हुने खरिद कार्य सार्वजनिक खरिद ऐन तथा नियमावली विद्यालय खरिद दिग्दर्शन र विद्यालय लेखांकन दिग्दर्शनको आधारमा गर्ने र सोको अनुगमन स्थानीय निकायले गर्नुपर्ने व्यवस्था छ । विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत दिईएको विज्ञान प्रयोगशाला निर्माणका लागि ICT सामाग्री रु ६५०००० अनुदान उपयोग सम्बन्धमा अनुगमन गरी कार्य सम्पन्न भएको प्रतिवेदन विल भरपाई सहित पेश हुनुपर्ने रु</td><td>६५०,०००</td></tr>
<tr><td>४२</td><td></td><td></td><td>कार्यक्रम कार्यन्वयन पुस्तीकाको पालना नभएको<br>नेपाल सरकार तथा पालिकाबाट विद्यालयहरुलाई वार्षिक कार्यक्रम अनुसार दिईने एकमुष्ट अनूदान तथा निकासा सम्बन्धमा मानव स्रोत विकास केन्द्र सानोठिमी बाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकामा उल्लेख भए अनुसार दिनुपर्ने कानूनी व्यवस्था छ । तर पालिकाले उक्त पुस्तीकामा उल्लेख भएभन्दा बढी हुने गरी निम्नानुसार रु. २,३२,३३४।- बढी निकासा दिएको देखियो । तसर्थ तोकीए भन्दा बढी निकाासा भएको रकम असूल हुनुपर्ने रु</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२.१ | | | पाठ्यपुस्तक (see table below) | १४९,४३४ |

पाठ्यपुस्तक

| विद्यालयको नाम | विद्यार्थी संख्या | हुनु पर्ने भुक्तानी | भएको भुक्तानी | बढी भुक्तानी |
|---|---|---|---|---|
| Mahadev Pra V chema | ८५ | ४६४९९ | ५०५४१ | ४०४२ |
| Bishnu Basic School | १०८ | ६०८३३ | ६१८६३ | १०३० |
| Hema Pra V Koireali | ७९ | ४१२४६ | ६८०५६ | २६८१० |
| Mahadev Pra V Swargagaun | ३६ | १९५७२ | २६३५१ | ६७७९ |
| Rupali Devi Pra V | २३२ | १४११५७ | १७०२६३ | २९१०६ |
| Janata Shiva Pra V | ३३ | १७०९४ | ९६३५९ | ७९२६५ |
| Mahadev Pra V Kudu | ९४ | ४९९६३ | ५२३६५ | २४०२ |
| जम्मा | | | | १४९४३४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२.२ | | | | ८२,९०० |

महिला छात्रवृत्ती

| विद्यालयको नाम | विद्यार्थी संख्या | हुनुपर्ने भुक्तानी | भएको भुक्तानी | बढी भुक्तानी |
|---|---|---|---|---|
| Kalika Pra V Dewargaun | ५९ | ५९००० | ७४००० | १५००० |
| Mahadev Pra V Swargagaun | १४ | १४००० | २७००० | १३००० |
| Kalika secondary school Talikudu | १९२ | २३३००० | २४०५०० | ७५०० |
| Bhanu Ma V Patarkhola | १२१ | १५७००० | १८६००० | २९००० |
| जम्मा | | | | ६४५०० |

दलित छात्रवृत्ती

| विद्यालयको नाम | विद्यार्थी संख्या | हुनुपर्ने भुक्तानी | भएको भुक्तानी | बढी भुक्तानी |
|---|---|---|---|---|
| Kuldav Abi Chiudi | ५ | २००० | २४०० | ४०० |
| Kalika Ma Vi Hima १ Badki Jumla | ४५ | १८००० | १८८०० | ८०० |
| Rupali Devi Pra V | २७ | १०८०० | १२००० | १२०० |
| Annapurna secondary School | १५ | ६००० | ८८०० | २८०० |
| Janata Shiva Pra V | ६ | २४०० | १५६०० | १३२०० |
| जम्मा | | | | १८४०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | बेरुजु रकम |
|---|---|---|---|---|---|
| ४३ | | | **औषधी खरिद**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु. १२४९००० को औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः<br>:<br>१ खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,<br>२ आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको, ३ आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । ४ औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, ५ औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।<br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | | |
| ४४ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम** | | |
| ४४.१ | | | स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७८ को दफा २(१) बमोजिम गाउँपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन/बेरोजगारको सूचिमा समावेशिलाई प्रथमिकिकरण गरेको छैन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ६०० जनालाई रोजगारी उपलव्ध गराई रु. **२४३११९२५** खर्च गरेको छ । लक्षित वर्गलाई १०० दिनदेखि १३० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | वडा नं | कार्यक्रम/योजना संचालन | रोजगार संख्या | कुल खर्च रकम | तलबमा खर्च भएको रकम | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | देवारगाउँ गोरेटो वाटो हिमा १ जुम्ला | ३२ | १४७४०७०.४ | | | |
| | | | | १ | वडकी गाउँ पी.सी.सी. हिमा १ जुम्ला | २९ | १४८४३०७ | | | |
| | | | | १ | लक्ष्मी देवल प्रा. विद्यालय पर्खाल निर्माण | ३२ | ४९१३५६.८ | | | |
| | | | | १ | राजमार्ग देखि देवारगाउँ सम्म सडक निर्माण | २७ | १३८१९४१ | | | |
| | | | | १ | राजमार्ग देखि कालाशिला थान सम्म बाटो निर्माण | २१ | १०७४८४३ | | | |
| | | | | २ | अस्थायी वडा का.सम्म बाटो निर्माण | ३५ | १७९१४०५ | | | |
| | | | | २ | खाराचौर देखि ठाटी सम्म बाटो निर्माण | २० | ९२१२९४ | | | |
| | | | | ३ | थाडिढुस्का देखि मोफ्ला गाउँ सम्म बाटो निर्माण | ३४ | १७४०२२२ | | | |
| | | | | ३ | सेरगाउँ देखी चाल्से सम्म बाटो निर्माण | ३३ | १०१३४२३.४ | | | |
| | | | | ४ | जुगाड देखी जार्जी सिम्ताली सम्म वाटो निर्माण | ७० | २१४९६८६ | | | |
| | | | | ५ | पातम्मा बाटो निर्माण | १६ | ७३७०३५.२ | | | |
| | | | | ५ | बाजागाडा गाउँ देखी पाटन पर्यटकिय बाटो निर्माण | २२ | ११२६०२६ | | | |
| | | | | ५ | कुनापानी सानी हुदै देउकल सम्म बाटो निर्माण | २२ | ११२६०२६ | | | |
| | | | | ५ | हिमा हाईड्रो पावर निर्माण | ५४ | ७३७०३५.२ | | | |
| | | | | ५ | हरिअल्ला देखी बाजाँगाडा गाउँ सम्म बाटो निर्माण | ४८ | २४४१४२९.१ | | | |
| | | | | ७ | चिउडी सिचाई कुलो निर्माण | २० | ३०७०९८ | | | |


https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th></th><th></th><th></th><th></th><th></th></tr>
<tr><td>७</td><td>कोटखोला बाटो निर्माण</td><td>१५</td><td>४९१३५६.८</td><td></td></tr>
<tr><td>७</td><td>छडीखोला देखी तडिया सम्म कुलो निर्माण उ. स.</td><td>६०</td><td>१८४२५८८</td><td></td></tr>
<tr><td>६</td><td>जुकेना पुल निर्माण</td><td>११</td><td>३९१०९.१</td><td></td></tr>
<tr><td>६</td><td>कालछडा देखि वाविरा थान सम्म पि.सि.सि, वाटो</td><td>३१</td><td>१५८६६७३</td><td></td></tr>
<tr><td></td><td>कुल जम्मा</td><td>६००</td><td>२४३११९२५</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४४.२</td><td></td><td></td><td>पारिश्रमिक कर: आयकर ऐन, २०५८ को दफा ४ को अनुसूची १ (२) अनुसार बार्षिक आयमा कर गणना गरि भुक्तानी दिदा कट्टा गरी ।पालिकाको रोजगार शाखामा कार्यरत निम्नानुसारको कर्मचारीको परिश्रमिक कर कट्टी नगरेकोले पारिश्रमिक कर असुल गरी दाखिला गर्नु पर्ने रु.
<table>
<tr><th>कर्मचारीको नाम</th><th>कर योग्य आय</th><th>कट्टी गर्न बाकि कर</th></tr>
<tr><td>श्री पूर्णबहादुर शाही</td><td>६८७५९०</td><td>२३१४३</td></tr>
<tr><td>श्री ललित बहादुर रावत</td><td>५३५१२५</td><td>२५१२</td></tr>
<tr><td>जम्मा</td><td></td><td>२५६५५</td></tr>
</table>
</td><td>२५,६५५</td></tr>
<tr><td>४५</td><td></td><td></td><td>नापजाँच बेगर भुक्तानी:<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(क) मा भुक्तानी गर्दा प्राविधिक नापजाचको गरी वास्तविक कार्य सम्पादनको आधारमा मात्र भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले भित्रिवन सिचाईकुलो निर्माण गर्न रु.६,३६,४३९ को लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत रु.६,३८,९७६ को कार्य सम्पन्न भएको उल्लेख गरी रु. ५ लाख भुक्तानी गरेकोमा नापी किताब तथा उपभोक्ता सम्बन्धी विल पेश नभएकोले सो काम वास्तविक नापजाँचको आधारमा भएको यकिन गर्न नसकिएकोले उपभोक्ता विल तथा नापजाँच गरेको प्रमाण पेश गर्नु पर्ने रु.</td><td>६३८,९७६</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६ | | | **जनश्रमदान –**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । निम्न निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भए पनि निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु. | १४७,०३७ |

| क्र.सं. | योजनाको नाम | भएको भुक्तानी | हुनु पर्ने भुक्तानी | बढी भुक्तानी |
|---|---|---|---|---|
| 1 | मास्टा मन्दिर निर्माण | २८८००० | २८४५३० | ३४६५ |
| 2 | साल्टा हुदै रावतखोला काठेपुल सडक निर्माण | ३८४००० | ३७७२४७ | ६७५३ |
| 3 | पोरीबाडा टोल आर सिसि बाटो निर्माण | ६७२००० | ६४८१५३ | २३८४० |
| 4 | बड्की ज्युला कुलो मर्मत | ३८४००० | ३७७६६६ | ६३३४ |
| 5 | स्वास्थ्य चौकी बड्की गेट मर्मत | २८८००० | २८३८५८ | ४१४२ |
| 6 | अयोध्याकोट प्रयोगशाला घेरबार | १९२००० | १८४००० | ८००० |
| 7 | पात्मेथाम मन्दिर निर्माण | ४२६३०८ | ३३१८०५ | ९४५०३ |
| | जम्मा | | | १४७०३७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४७ | | | **जटिलसंरचना निर्माण –**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आदिखोला जलविधुत मर्मत गर्दा जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना मर्मत कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराईने रु ३ लाख भुक्तानी गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८ | | | **लागत सहभागिता—**<br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| ४९ | | | **प्राविधिक बिल र कार्य सम्पन्नः**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नम्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ | |
| ५० | | | **बढी दरमा भुक्तानी**<br>सार्वजनिक खरिद नियमावलीको नियम १०(४) मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्री दरभाउ तथा ज्याला निर्धारण गर्दा तोकिएको दररेटको आधारमा निर्धारण गर्नु पर्ने उल्लेख छ । गाउँपालिकाले जुगाड हुदै जार्जी सिम्ताली सम्म गोरेटो बाटो PCC गर्दा स्वीकृत दर दर रु.१४,६६२.५ भएकोमा रु.१६,०७७.५ दरले भुक्तानी गर्दा रु.८३,६४१।- स्वीकृत दर भन्दा बढी दरमा भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी भएको रकमअसुल गर्नु पर्ने रु. | ८३,६४१ |
| ५१ | | | **हिमा खोला हाईड्रो पावर**<br>गाउँपालिकाले हिमाखोला हाईड्रो पावर निर्माण गरेको सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१.१ | | | **काम नगरी भुक्तानी** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(क) मा भुक्तानी गर्दा प्राविधिक नापजाचको गरी वास्तविक कार्य सम्पादनको आधारमा मात्र भुक्तानी गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले हिमा खोला हाईड्रो पावर निर्माण गर्दा उपभोक्ता समितिलाई installation वापत रु.३०००००  भुक्तानी गरेकोमा स्थलगत अनुगमन गर्दा सो काम भएको नदेखिएकोले काम नै नभएको रकम भुक्तानी दिनेलाई जिम्मेवारी बनाई सो रकम असुल गर्नु पर्ने रु.   | ३००,००० |
| ५१.२ | | | **उपभोक्ता समितिबाट सिमा भन्दा बढीको कार्य :** सार्वजनिक खरिद नियमावली २०६४ को नियमा ९७(१) मा यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिति वा लाभग्राही समुदायवाट गराउन सकिने उल्लेख छ । गाउँपालिकाले हिमा खोला हाईड्रो पावर निर्माण गर्न डिपिआर मार्फत रु. ८,०८,००,००० को स्टिमेट तयार गरेकोमा वार्षिक रुपमा कामलाई टुक्राई उपभोक्ता समिति मार्फत काम गराई आर्थिक वर्ष २०७६।७७ मा रु.५८,९०,४९०, २०७७।७८ मा रु.८३,६०,७८४ र २०७८।७९ मा रु. ८७,१५,७८४ भुक्तानी गरेको देखिएको छ । विस्तृत लगात अनुमान रु १ करोड भन्दा माथि भएको अवस्थामा उपभोक्ता समिति मार्फत कार्य गराउने उदेश्यले काम टुक्रा पारी उपभोक्ता समिति मार्फत गराई भुक्तानि गरेको रु नियम सम्मत नभएको रु. | ८,७१५,७८४ |
| ५१.३ | | | **उपभोक्ता समितिलाई अग्रिम करः** आयकर ऐन २०५८ को दफा ८९(३)(क) मा उपभोक्ता समिति मार्फत हुने कार्यको रु ५० लाख भन्दा बढीको भुक्तानीमा १.५ प्रतिशतका दरले अग्रिम कर कट्टा गरी भुक्तानी गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले हिमा खोला हाईड्रो पावर निर्माण गर्दा उपभोक्ता समिति रु. ६२,१५,७८४ भुक्तानी गर्दा अग्रिम कर वापतको रकम कट्टी नगरेको ले अग्रिम कर बापतको रु. ९३,२३७ सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नु पर्ने रु | ९३,२३७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१.४ | | | **उपभोक्ता समितिलाई मुल्य अभिवृद्धि कर भुक्तानी:**सार्वजनिक खरिद नियमावली २०६४ को नियमा ९७(१) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिंदा उपनियम (३) को खण्ड (ख) बमोजिमको लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने उल्लेख छ । गाउँपालिकाले हिमा खोला हाईड्रो पावर निर्माण गर्दा उपभोक्ता समितिलाई भ्याट वापत रु.७,१५,०९०.२२ समेत जोडी रु. ६२,१५,७८४ भुक्तानी गरेको उपभोक्ता समितिलाई भ्याट भुक्तानी गर्नु उचित देखिएन । | |
| ५२ | | | **सामाजिक सुरक्षातर्फ** | |
| ५२.१ | | | **सामाजिक सुरक्षातर्फ बढी निकासा** – सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, , सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षा अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । | |
| ५२.२ | | | मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकामा लागातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गरिनेछ । तर यस गाँउपालिकाले मुल अभिलेख किताव अद्यावधिक गरेको देखिएन । | |
| ५२.३ | | | सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १३ नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेछ । | |
| ५२.४ | | | सामाजिक सुरक्षा नियमावली २०६७ को नियम १२ बमोजिमको ढाँचामा ३ मा सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको अन्तिम सुची तयार अनुसुची २ब मा सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मुल अभिलेख अनुसुचि २०७७ सामाजिक सुरक्षा भत्ता निर्देशिका बमोजिम राख्नुपर्ने यस्तै ३ बमोजिम लक्षित समुह अनुसारको छुट्टाछुट्टै अभिलेख अद्यावधिक गरी राख्नुपर्ने व्यवस्चा भएता पनि यस हिमा गाँउपालिकाले अनुसुचि बमोजिमको मुल अभिलेख नराखेकाले लाभग्राहीको बैंक खातामा जम्मा भएको रकम सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राही अनुसुचि लेख सँग भिडान गर्न सकिएन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५३</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।<br><br>
<table>
<tr><th>गत वर्षसम्मको बेरुजू</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू</th><th>गत बर्षसम्मको बाँकी बेरुजू</th></tr>
<tr><td>(A)</td><td>(B)</td><td>(C=A-B)</td></tr>
<tr><td>९८४०९</td><td>०</td><td>९८४०९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>अद्यावधिक वेरुजु<br>यस पालिकाको २०७८।७९ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ<br><br>
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)</th><th>यो वर्ष कायम बेरुजू (C)</th><th>संपरीक्षणबाट कायम बेरुजू (D)</th><th>अध्याविधक बाँकी बेरुजू<br>(E=A-B+C+D)</th></tr>
<tr><td>९८४०९</td><td>०</td><td>११८८६२</td><td></td><td>२१७२७१</td></tr>
</table>
</td><td></td></tr>
</table>